चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ सङ्ख्याः६ मितिः २०७९/०६/२४

भाग-२

## चिचिला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
### चिचिला, सङ्खुवासभा ।
## विपन्न नागरिक आवास कार्यक्रम कार्यविधि, २०७९ (पहिलो संशोधन)

♠संशोधन मितिः- २०८०।०९।२३ गते ।

♠ दोस्रो संशोधनबाट पारित ।

**प्रस्तावनाः**

चिचिला गाउँपालिकाभित्रमा कार्यक्रम कार्यन्वयन स्थल पहिचान गर्दा यथासक्य लक्षित वर्गको घर यथास्थानमा पुनःनिर्माण हुने गरी निर्माण गर्ने तर प्राकृतिक प्रकोपको जोखिममा रहेको वन सीमाक्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यन्वयन नगर्ने गरी यस कार्यविधि बनाउन आवश्यक देखिएको ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “विपन्न नागरिक आवास कार्यक्रम कार्यविधि, २०७९ ” रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

**क)** ’गाउँपालिका’ भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ ।

**ख)** ’लक्षित वर्ग’ भन्नाले लाभान्वित/लाभग्राही सम्झनुपर्दछ ।

**३. कार्यक्रम कार्यन्वयन क्षेत्र**

(१) कार्यक्रम कार्यन्वयन क्षेत्र चिचिला गाँउपालिका भित्र रहने छ ।

(२) कार्यक्रम कार्यन्वय स्थल पहिचान गर्दा यथासक्य लक्षित वर्गको घर यथास्थानमा पुन निर्माण हुने गरी गरिने छ । तर प्राकृतिक प्रकोपको जोखिममा रहेको वन सीमाक्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यन्वय गरिने छैन ।

**४. लक्षित वर्गको पहिचानः लक्षित वर्गको पहिचान देहायको आधारमा गरिने छ।**

(१) विगतदेखी गाँउपालिकामा बसोबास गर्दै आएको प्रमाण

(२) जग्गा धनी प्रमाण पूर्जा वा घर जग्गाको कर बुझाएको प्रमाण ।

(३) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था
लाभग्राहीको छनौटको आधार

(४) लाभग्राहीको छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल भुँइ गारो तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची १ बमोजिमको अंक प्रदान गरिने छ ।

(५) लाभ ग्राहीको सूचीमा समावेश हुनका लागि न्यूनतम ५० अंक प्राप्त गरेको हुनुपर्ने छ । लाभ ग्राहिको सूचीमा रहेका लाभग्राहीहरुमध्ये सवै भन्दा बढी अंक ल्याउने लाभग्राहीबाट क्रमश आवास निर्माणका लागि कार्यालयले लाभग्राही को नामावली प्रकाशन गर्ने छ ।

**५. लाभग्राहीलाई प्राप्त गर्ने रकम र किस्ता सम्वन्धमा**

(१) ♦लाभग्राहीले आवास निर्माणका लागि रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र) प्राप्त गर्ने छ । उक्त रकम दुई किस्तामा प्राप्त गर्ने छ । सम्झौता पश्चात पहिलो किस्ता बापत रु.१,००,०००।-(एक लाख मात्र) र निर्माण सम्पन्न भइसकेपछि रु.५०,०००।-(पचास हजार प्राप्त गर्ने छ ।

**६. लाभग्राही आवास निर्माण गर्दा पालना गर्नु पर्ने शर्तहरु**

**क.** क्षेत्रफल

ख. जग्गाको क्षेत्रफल

ग. छाना भूइ र गारोमा प्रयोग गर्नु पर्ने सामाग्री

♦ पहिलो संशोधनद्वारा संशोधित

| क्र. सं | विवरण | दिइने अंक | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल मिटर | १० | २० भन्दा कमलाई -१०,<br>२० देखि ३० -५ र<br>३० भन्दा माथि- ० |
| २ | हाल प्रयोगमा रहेको जग्गाको क्षेत्रफल मिटर | १० | ४० फिट भन्दा कम -१०,<br>४० देखी ८० फिट - ५,<br>८० फिट भन्दा माथि - ० |
| ३ | घर भित्रको भूइ | ५ | माटो - ५,<br>मिलेको ढुंगा वा इटा - ० |
| ४ | घरको गारो | १० | बाँसको चिरपट वा कप्टेरो वा पराल वा स्याउलाको टाटीले बारेको - १०,<br>नमिलेको गारो वा काठ फल्याक वा टाटीले बारेको — ५,<br>मिलेको गारो वा पाकेको ईँटाले बारेको - ० |
| ५ | घरको छानो | १० | फुस, स्याउला, प्लास्टीक, पाल — १०,<br>बरण्डामा मात्र टिन लगाएकोमा -५<br>टिन भएको - ०, |
| ६ | घर वस्तीमा साधरणतय ५ घर भएको वा नभएको | ५ | घर नभएको —०, घर भएको - ५ |
| ७ | जग्गाको स्वामित्व | १० | जग्गाको स्वामित्व भएको — १०,<br>नभएको ० |
| ८ | खेती योग्य जग्गा | १० | खेतीयोग्य जग्गा भएको — ०,<br>नभएको — १० |
| ९ | खेती योग्य जग्गा बाँझो राखे नराखेको | ५ | बाँझो नराखेकोमा - ५,<br>बाँझो राखेकोमा - ० |
| १० | स्थानीय सरकारलाई नियमित राजस्व बुझाए नवुझाएको | ५ | बुझाउनु पर्ने कर बुझाएकोमा — ५,<br>नवुझाएकोमा - ० |
| ११ | घरमूलीको हकमा | १५ | असाहय असक्त वृद्धवृद्धा, अपाङ्ग, दिर्घरोगी, एकल महिला घरमूली भएमा — १०,<br>अन्य भएका - ० |
| १२ | एका घरको सदस्य रोजगारीमा रहेको वा नरहेको | ५ | रोजगरीमा रहेको — ०,<br>रोजगारीमा नरहेको - ५ |
| १३ | गरिव परिवार सूचीमा परे नपरेको | ५ | अति गरिब — ५,<br>मध्यम गरिव -३, |

| | | | |
|---|---|---|---|
| | | | गरिब घर परवारको सूचीमा नपरेको - ० |
| | **जम्मा** | १०० | |

आज्ञाले,

प्रमाणिकरण मितिः २०८०/०९/२३

सन्तोष राई

प्रमुख प्रशासकीय अधिकृत